अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

प.स. - ०८०/८१
च.नं.-

## अत्यन्त जरुरी सूचना

**(सूचना प्रकाशन मिति २०८०/०५/१२)**

विभिन्न प्रकारका चाडपर्वहरुलाई लक्षित गरी विविध प्रकारका साँस्कृतिक तथा खेलकुदका कार्यक्रमहरु हप्तौ दिनसम्म सामुदायिक विद्यालय बन्द गराई विद्यालयको हाताभित्र सञ्चाल हुँदा विद्यार्थीहरुको पढ्न पाउने र शान्त बातावरणमा बस्न पाउने मौलिक हकको हनन् भएको भन्ने विषयमा शिक्षक, अभिभावक र ब्यवस्थापन समितिका पदाधिकारीहरुबाट विभिन्न गुनासाहरु प्राप्त भएको हुँदा यस विषयप्रति गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ। सामुदायिक विद्यालय बन्द हुने सम्बन्धमा मौजुदा शिक्षा नियमावली, २०५९ को नियम ८५ (५) मा नेपाल सरकारले तोकेको सार्वजनिक विदा बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारवाही हुनेछ भन्ने ब्यवस्था छ। गाउँपालिकाले विभिन्न क्लवहरुलाई मेला सञ्चालनका लागि सामुदायिक विद्यालय प्रयोग गर्ने गरी कुनै पनि प्रकारको अनुमति प्रदान नगरेको समेत जानकारी गराउँदछौ। विद्यालय शान्ति क्षेत्र घोषणा भइसकेको र सामुदायिक विद्यालय हामी सबैका बालबालिकाहरु साक्षात्कार हुने साझा फुलबारी समेत भएको हुँदा तोकिएको सार्वजनिक विदाको दिन बाहेक अन्य समयमा सामुदायिक विद्यालयको पठन पाठन बन्द हुने गरी कुनै पनि प्रकारको मेला र कार्यक्रम विद्यालय हाताभित्र सञ्चालन नगर्नु नगराउनुहुन र यस विषयमा सम्बन्धित वडा कार्यालयले समेत आवश्यक अनुगमन तथा सुपरीवेक्षण गरिदिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत